**सर्वोच्च अदालत, एक न्यायाधीशको इजलास**
**माननीय न्यायाधीश श्री प्रकाशमान सिंह राउत**

**आदेश**

**०७९-WO-११५७**

**विषयः उत्प्रेषणयुक्त परमादेश।**

अधिवक्ता पदमबहादुर श्रेष्ठ ........................................................................ निवेदक

विरुद्ध

काठमाडौं महानगरपालिकाको कार्यालय बागदरबार, काठमाडौंसमेत .............. विपक्षी

रिट निवेदन सहितको कागजातहरु अध्ययन गरी निवेदकको तर्फबाट उपस्थित हुनुभएका विद्वान् वरिष्ठ अधिवक्ताद्वय डा.श्री चन्द्रकान्त ज्ञवाली र श्री हरिश्चन्द्र सुवेदी तथा उपस्थित विद्वान् अधिवक्ताहरु श्री शुभनराज आचार्य, निवेदक अधिवक्ता श्री पदमबहादुर श्रेष्ठ, श्री दिलराज खनाल, श्री पदमबहादुर शाही, श्री राजु फुयाल, डा.श्री शिवकुमार यादव, श्री राकेशकुमार शाह र श्री लिलाधर उपाध्यायले गर्नुभएको बहससमेत सुनियो।

यसमा के कसो भएको हो? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो? आदेश जारी हुनु नपर्ने आधार र कारण भए सोसमेत साथै राखी यो आदेश प्राप्त भएका मितिले बाटाका म्याद बाहेक १५ दिनभित्र विपक्षी नं. २ ले महान्यायाधिवक्ताको कार्यालय मार्फत तथा विपक्षी नं. १ ले आफैं वा आफ्नो कानूनबमोजिमको प्रतिनिधि मार्फत लिखित जबाफ पेस गर्नू भनी यो आदेश र निवेदनको प्रतिलिपिसमेत साथै राखी विपक्षीहरूलाई म्याद सूचना पठाई म्यादभित्र लिखित जबाफ परे वा अवधि नाघेपछि नियमानुसार पेस गर्नू।

यसमा, सिंहदरबार भित्रको क्षेत्र, राष्ट्रपतिको कार्यालय शितल निवास, प्रधानमन्त्रीको आवास रहेको क्षेत्रको फोहोर संकलन नगर्ने भनी काठमाडौं महानगरपालिकाको वक्तव्य आएपश्चात् फोहोर संकलन गर्न छाडेको कारण मिति २०७९।१२।२४ गतेबाट उल्लिखित क्षेत्र दुर्गन्धित भई वरिपरिको वातावरण र वायुमण्डलसमेत प्रदुषित हुँदै गएको छ। कुहिने र नकुहिने फोहोर लामो समयसम्म एकै ठाउँमा रहँदा जनस्वास्थ्यमा ठुलो असर पर्ने गरी महामारीको प्रकोप फैलन सक्दछ। काठमाडौं महानगरपालिकाको मेयरले सामाजिक सञ्जालमा विभिन्न पोष्टहरु गरी उल्लिखित तीन क्षेत्रको फोहोर संकलन नगर्ने भनेको भनी

सार्वजनिक रुपमा विभिन्न सञ्चार माध्यमबाट प्रशारण भइराखेको र फोहोर संकलन ठप्प भएको अवस्था छ। फोहोर संकलन र विसजर्न गर्ने दायित्व काठमाडौं महानगरपालिकाको भएको हुँदा नियमित रुपमा फोहोर संकलन र विसर्जन गर्ने कार्य तत्काल गर्नू, गराउनू भनी परमादेशको आदेश लगायत विपक्षीहरुको नाममा अन्तरिम आदेशसमेत जारी गरिपाउँ भन्ने निवेदन जिकिर रहेको पाइन्छ।

अन्तरिम आदेश माग गरेकोतर्फ विचार गर्दा, नेपालको संविधानको धारा ३०(१) मा प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक हुनेछ भन्ने संवैधानिक प्रावधान रहेको पाइन्छ। मानिसको बाँच्न पाउने हक स्वच्छ र स्वस्थ वातावरणसँग अन्योन्याश्रीत रहेको कुरा नेपालको संविधानले नै परिकल्पना गरेको देखियो। स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने नगरिकको हक अमूल्य जीवनसँग पनि जोडिएको छ। नागरिकको अमूल्य जीवनसँग प्रत्यक्ष जोडिने हुँदा वातावरणको विषय अत्यन्त संवेदनशील मानिन्छ। अनुकूलतामा मात्र होइन, जस्तोसुकै प्रतिकूल परिस्थितिमा पनि स्वच्छ र स्वस्थ वातावरण कायम गर्न राज्य, सरकार, संविधान कानूनबमोजिमका स्थापित सम्पूर्ण निकाय, संस्था र सरोकारवालाहरु लगायत नागरिकहरुको समेत सामूहिक र अथक प्रयत्न हुनै पर्दछ। स्वच्छ र स्वस्थ वातावरण सबैको लागि हो, आफ्नो लागि पनि हो, सभ्य र संस्कारीहरुले गर्व गर्ने सभ्यताको संकेत पनि हो, पर्यटनको त आधारस्तम्भ हुँदै हो। स्वच्छ र स्वस्थ वातावरण कायम गर्न असफल भई वातावरण प्रदुषित हुन पुग्दा सबैलाई आक्रान्त पार्न सक्ने, महामारी फैलन सक्ने यस्तो गम्भीर र संवेदनशील जनस्वास्थ्यको विषयमा कानूनले शासित मुलुकमा राज्य, सरकार, जिम्मेवार निकाय कानूनले निर्दिष्ट गरेको भुमिकामा चुक्नु हुँदैन र उदासिन हुन पनि पाउँदैन। तीन चार दिन अगाडिको मात्र सन्दर्भ हो, वायु गुणस्तर सूचकाङ्क ५० सम्मको Air Quality Index (AQI) लाई सन्तोषजनक मानिने, सोभन्दा माथिको हानिकारक हुने र १५० देखि माथिकोलाई अस्वस्थकर मानिनेमा काठमाडौंको वायु गुणस्तर सूचकाङ्क Air Quality Index (AQI) १८९ सम्म पुगेको र काठमाडौं संसारकै प्रदुषित सहरमा एक नम्बरमा परेको भन्ने सार्वजनिक रुपमा सम्प्रेषित समाचारले हामी सबै लज्जित हुनु परेको छ। त्यसमाथि काम विशेषले हजारौं सेवाग्राही र नागरिक दिनहुँ पुग्ने सिंहदरबार क्षेत्र लगायतका ठाउँहरुको फोहोर नउठाएको र विसर्जन नगरेको क्रियाकलाप एवं गतिविधिले वातावरण दिनानुदिन प्रदुषित भइरहेको र प्रदुषित वातावरणले आम जनमानसलाई प्रत्यक्ष असर परिरहेको देखिँदा अव कत्ति पनि ढिलाई नगरी उल्लिखित क्षेत्रमा जम्मा हुन पुगेको फोहोर अविलम्ब संकलन गरी उठाइ विसर्जन गर्नुपर्ने देखियो।

फोहोर मैला व्यवस्थापन ऐन, २०६८ को दफा ३(१), ३(२) र दफा ४ ले फोहोरमैलाको प्रबन्ध गर्ने, संकलन गर्ने, अन्तिम विसर्जन गर्ने, व्यवस्थापन गर्ने गराउने

दायित्व स्थानीय तहको हुनेछ भन्ने स्पष्ट कानूनी व्यवस्था गरेको देखिन्छ। यसैगरी नेपालको संविधानको धारा २१४(१), धारा २१४(२) र अनुसूची-८ मा भएको संवैधानिक प्रावधानलाई समग्रमा अध्ययन गर्दा सरसफाइ गर्नुपर्ने अधिकार स्थानीय तहलाई सुम्पेको देखिन्छ। उल्लिखित संवैधानिक र कानूनी व्यवस्था अनुसार निवेदकले उल्लेख गरेको क्षेत्रको फोहरहरु संकलन गरी उठाई विसर्जन गर्नुपर्ने दायित्व स्थानीय तहलाई सुम्पेको देखिँदा स्थानीय तहको हैसियतमा सो दायित्व काठमाडौं महानगरपालिकाको देखिन आयो। तसर्थ, रिट निवेदकले उल्लेख गरेको स्थानको फोहोरहरु यो आदेश प्राप्त भएको मितिले ३ दिनभित्र संकलन गरी उठाई विसर्जनसमेत अविलम्ब गर्नू, गराउनू भनी काठमाडौं महानगरपालिकाको नाउँमा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९(२)(क) बमोजिम अन्तरिम आदेश जारी गरिदिएको छ।

साथै, निवेदकले उल्लेख गरेको स्थान तथा काठमाडौंको फोहरमैला विसर्जन गरिने स्थान वा ल्याण्डफिल्ड साइट अरु स्थानीय तह अन्तर्गतको स्थानमा पर्न जाँदा त्यहाँको बासिन्दा, स्थानीय तह, सरोकारवाला र काठमाडौं महानगरपालिकासँग समेत आवश्यक समन्वय, उचित सहकार्य र सार्थक सहयोग पुऱ्याइ स्वच्छ वातावरण कायम गर्नुपर्नेतर्फ नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार समेतको गम्भीर ध्यानाकर्षण गराइएको छ।

न्यायाधीश

इति संवत् २०८० साल वैशाख ८ गते रोज ६ शुभम्.........................................।